नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, फागुन ६ गते, २०७५ साल (संख्या ५४

भाग ३

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ४ मा संशोधनः** प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि

"मूल नियमावली" भनिएको) को नियम ४ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर महिला, दलित समुदाय र विपन्न वर्गका व्यक्तिलाई एक करोड रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न एकसय रुपैयाँ दस्तुर लाग्नेछ र एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न यस नियम बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।"

३. **मूल नियमावलीको नियम ५ मा संशोधन:** मूल नियमावलीको नियम ५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर दलित समुदाय र विपन्न वर्गको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गरिएको दलित समुदाय वा विपन्न वर्ग पहिचान हुने प्रमाणपत्रको प्रतिलिपि समेत पेश गरेको हुनु पर्नेछ ।"

आज्ञाले,
केदार बहादुर अधिकारी
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३